# लामो खोकी लाग्नु भनेको डरलाग्दो (रातो सिग्नल) - क्षयरोग उन्मूलन भएको छैन

**लामो समय सम्म खोकी लाग्दा सावधान रहनुहोस्**

क्षयरोग उन्मूलन भएको छैन क्षयरोग अझै पनि विश्वभर विशेषगरी विकासोन्मुख देशहरूमा व्याप्त छ। क्षयरोग बिरामीले खोक्दा वा हाच्छिउँ गर्दा क्षयरोगको ब्याक्टेरिया हावामा छरिएर वरिपरिका व्यक्तिहरूले श्वासप्रश्वास गर्दा क्षयरोग सर्छ।

यरोगका लक्षणहरूमा खोकी, खकार र ज्वरोबाट शुरू भएर कहिलेकाहीँ थुकमा रगत आउनु, भोक नलाग्ने, तौल घट्नु र सुत्दा पसिना आउनु जस्ता लक्षणहरू पर्दछ। खोकी दुई हप्ता भन्दा बढि लागेमा, चिकित्सा संस्था जस्तै अस्पताल वा क्लिनिकमा गएर देखाउन जानुहोस्।

साथै, क्षयरोगले कुनै लक्षण नदेखाउन पनि सक्छ। वर्षमा कम्तीमा एक पटक आफ्नो कार्यस्थल वा नगरपालिकामा स्वास्थ्य जाँच (छातीको एक्स-रे) गरौं।

**"क्षयरोगको संक्रमण" र "क्षयरोगको प्रारम्भिक चरणको लक्षण" मा फरक छ**

सामान्यतया, क्षयरोगको ब्याक्टेरिया सास फेर्दा, प्रतिरक्षा शक्ति अनुसार नाक र घाँटीमा नै धेरै ब्याक्टेरिया मर्छ, तर "संक्रमण" भन्नाले ब्याक्टेरियाहरू फोक्सोको भित्री भागसम्म पुग्नु हो। क्षयरोग संक्रमित हुना साथै अरुलाई सर्दैन ।

"क्षयरोगको प्रारम्भिक चरणको लक्षण" भन्नाले संक्रमित क्षयरोग ब्याक्टेरिया शरीरमा बढेर रोग निम्त्याउँने गर्दछ। क्षयरोगको प्रारम्भिक चरणको लक्षण तुरून्त देखिने बिरामी नयाँ संक्रमित व्यक्ति र कमजोर प्रतिरोधी क्षमता भएका व्यक्तिहरू हुन्। संक्रमित व्यक्तिहरू मध्ये १०% देखि २०% जति क्षयरोगको प्रारम्भिक चरणको लक्षण देखा पर्ने बताइएको छ । क्षयरोगको प्रारम्भिक चरणको लक्षणमा, खोकी वा खकारमा कुनै ब्याक्टेरिया हुँदैन, तर रोग बढ्दै जाँदा, खोकी वा खकारमा क्षयरोगको ब्याक्टेरिया देखिने र वरिपरिका व्यक्तिहरूलाई सर्न सक्ने सम्भावना हुन्छ। क्षयरोगको प्रारम्भिक चरणको लक्षण सामान्यतया संक्रमणको ६ महिना देखि २ वर्षको बीचमा विकसित हुन्छ, तर कहिलेकाहीं सरेको धेरै बर्ष पछि लक्षण देखा परिन्छ।

**क्षयरोग उपचार - दीर्घकालीन औषधि र बिभिन्न औषधिहरू खानु नै आधारभूत हो**

यदि क्षयरोग लागेमा, औषधि सेवन जरूरी हुन्छ।

क्षयरोग ब्याक्टेरियालाई मार्ने ३ देखि ४ प्रकारका औषधि सधै खाएर ६ महिना भन्दा बदि सेवन गर्नु जरूरी छ। औषधिको सेवन अवधि रोगको अवस्था र प्रगतिको आधारमा ६ महिना देखि १ वर्ष वा सो बढी लाग्न सकिन्छ। लामो समयसम्म हरेक दिन बिभिन्न औषधिहरू सेवन गर्नुको कारण, प्रभावहीन ब्याक्टेरियाको उत्पादनलाई रोक्न र पुनरावृत्तिको सम्भावनालाई कम गर्न हो। औषधि सेवन बिचमा नछोडिकन पुरै समयसम्म सेवन गर्न महत्त्वपूर्ण छ। यदि औषधि सेवनमा कुनै चिन्ता भएमा, आफ्नु निर्णयले बिचमा सेवन नछोडि, पहिला डाक्टर सँग सल्लाह लिनुहोस्।

**क्षयरोग लागेका ब्यक्ति सँग नजिकिएका ब्यक्तिहरूको स्वास्थ्य परीक्षणको सम्बन्धमा**

जनस्वास्थ्य केन्द्रहरूले प्रारम्भिक चरणमा देखिएको क्षयरोगका लक्षणका ब्यक्तिहरू वा संक्रमित भएकाहरूलाई चाडो पत्ता लगाउन बिरामीका परिवार र नजिकका ब्यक्तिहको स्वास्थ्य परीक्षण गर्छन्। संक्रमणको सम्भावना बिरामीको स्वास्थ्य अवस्था, वरिपरिका व्यक्तिहरूको उमेर र नजिकिएका ब्यक्तिहरूको अवस्थामा अनुसार फरक फरक हुन्छ। अवस्था अनुसार स्वास्थ्य जाँचको योजना बनाउनु पर्छ।

स्वास्थ्य जाँचको रिपोटमा क्षयरोग नभएको तर क्षयरोगले संक्रमण भएको बेलामा (अव्यक्त क्षयरोग संक्रमण) क्षयरोगको प्रारम्भिक चरणको लक्षणमा नै प्रतिरोध गर्ने औषधि सेवन गर्नु पर्न सक्छ।

**क्षयरोग जाँच पछिको प्रक्रिया**

१. जाँच गरेको डाक्टरले तुरुन्तै सार्वजनिक स्वास्थ्य केन्द्रलाई कानून बमोजिम सूचित गर्नुपर्छ।

र अन्तरवार्ता लिने गरिन्छ, क्षयरोगको उपचार र सार्वजनिक खर्च प्रणालीको बारेमा बुझाउने र उपचारको लागि सहयोग प्रदान गर्ने गरिन्छ।

३. कहिलेकाहीं सार्वजनिक स्वास्थ्य केन्द्रले बिरामीको नजिकका व्यक्तिहरूको लागि स्वास्थ्य जाँच गर्ने गरिन्छ। यदि बिरामी, क्षयरोगले संक्रामक छ भने, वरिपरिका अरू व्यक्ति हरू पनि संक्रमित भएको छ भनेर बिचार गर्न सकिन्छ। साथै वरिपरि क्षयरोग लागेको व्यक्ति भएमा त्यो व्यक्तिबाट संक्रमण भएको हुन सक्ने कुरा पनि बिचार गर्न सकिन्छ।

यदि क्षयरोगको बारेमा कुनै चिन्ता भएमा, कृपया तपाइँको क्षेत्रको अधिकार क्षेत्र भएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुहोस्।

